# मिति २०७८।०४।१८ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१ : गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७** को दफा- १० बमोजिम चालू आ.व. २०७८।०७९ मा संघीय सरकारबाट प्राप्त सशर्त कार्यक्रमको बजेट शिर्षक नं. ३०७००१०६, लघु उद्यम विकास कार्यक्रम अन्तर्गत कूल प्राप्त हुने बजेट रु.३४०००००।०० (अक्षरुपी चौतिस लाख) कार्यान्वयन गर्न सामाजिक, गै.स.सं. तथा साझेदारी विकास शाखाले उल्लेखित निर्देशिकाको अनुसूची- २ बमोजिमको ढाँचामा तयार गरि नगर कार्यपालिका कार्यालय अन्तर्गत् सम्बन्धित शाखा, महाशाखा एवं प्रमुख प्रशासकीय अधिकृतज्यू संग छलफल एवं परामर्श गरि आजको बैठकमा पेश भएको विस्तृत बजेट सहितको देहायको वार्षिक कार्य योजना स्वीकृत गरियो । साथै स्वीकृत भएको कार्य योजनालाई मितव्ययी, प्रभावकारी, पारदर्शी र नतिजामुखी हुने गरि कार्यान्वयन गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. २ : गरिबी निवारणका लागि लघु उद्यमविकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७** को परिच्छेद- ४ को दफा २१ मा नयाँ उद्यमीको सिर्जना अन्तर्गत कार्यक्रम सञ्चालनका लागि वडाहरुको छनौट गर्नुपर्ने प्रावधान सम्बन्धमा छलफल हुँदा विगत वर्षहरुमा घरेलू तथा साना उद्योग कार्यालयबाट कार्यक्रम सञ्चालन भएका वडाहरु, लक्षित समूहको अवस्था, गरिबीको स्थिति, लघु उद्यमको लागि उपलब्ध हुने श्रोत र उद्यमीका लागि उपलब्ध हुने सम्भाव्य अवसरहरु समेतको आँकलन गर्दा चालू आ.व. ०७८।७९का लागि वडा नं. १, ८ र १४ समेत जम्मा ३ (तिन) वटा वडाहरु छनौट गरि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ३** गत आ.व. २०७७।०७८ मा नयाँ उद्यमी सृजना तर्फ वडा नं. ५, ९ र १० छनौट गरि उद्यमशिलता तालिम सञ्चालन गरि विषयगत तालिम छनौट भई सो मध्ये मिति २०७७।१२।२४ गते देखि प्राविधिक सीप विकास तालिम अन्तर्गत सिलाई कटाई, ब्यूटीपार्लर र डलकुशन बनाउने तालिम शुरुवात भएकोमा विश्वव्यापी कोरोना महामारीका कारण मिति २०७८।०१।०९ गते देखि स्थगित भएका तालिमहरु सम्बन्धित सहभागीहरुकै उपस्थितिमा गत वर्ष तालिम सञ्चालनका लागि तोकिएका प्रशिक्षक हरुसंग तालिम अवधि सम्मको करार सम्झौता गरि स्वास्थ्य मापदण्ड पालना गरि तालिम सञ्चाल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि प्रतिस्पर्धाका आधारमा उद्यम विकास सहजकर्ता छनौट गर्नुपर्ने व्यवस्था भए बमोजिम गत आ.व. २०७७।०७८ मा २ जना उद्यम विकास सहजकर्ता श्री विन्दु वि.सी. र श्री प्रिया खड्का छनौट भई सोहि आ.व. का लागि सेवाकरार सम्झौता गरिएको र उक्त अवधिमा काम गर्दा निजहरुको कार्यसम्पादन सन्तोषजनक नै रहेको साथै गत वर्ष स्थगित भएका

तालिमहरु समेत तुरुन्तै सञ्चालन गर्नुपर्ने अवस्था विद्यमान रहेको र करार समाप्त भए पश्चात् चालू आ.व. २०७८।०७९मा समेत निजहरु कार्यालयमा आई दैनिक कार्यसम्पादनमा संलग्न भई नै रहेकोले सहायक चौथो तहका लागि निर्धारित प्रचलित तलव स्केल बमोजिमको मासिक सुविधा पाउने गरि चालू आ.व. २०७८।०७९को श्रावण १ गते देखि असार मसान्त सम्मका लागि करार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्न उद्यम विकास समितिको मातहतमा रहने गरि देहायको अनुगमन समिति गठन गर्ने साथै अनुगमन गर्ने प्रयोजनका लागि सो सम्बन्धी आवश्यक सूचकहरु निर्धारण गर्ने जिम्मेवारी समेत सोही समितिलाई दिने निर्णय गरियो ।

तपसिल

| सि.नं. | कार्यविधिमा भएको प्रावधान | | समितिमा रहने पदाधिकारिहरु |
|---|---|---|---|
| क | कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख | संयोजक | श्री उमा थापामगर |
| ख | उद्यमविकास समितिले तोकेको कार्यपालिकाको महिला सदस्य एक जना | सदस्य | श्री नन्कई पठानीन |
| ग | प्रमुख प्रशासकीय अधिकृतले तोकेको स्थानीय तहको अधिकृतस्तरको कर्मचारी एक जना | सदस्य | श्री शोभाशाह |
| घ | स्थानीय स्तरमा रहेका लघु उद्यमीमध्ये संयोजकले तोकेको एक जनाप्रतिनिधि सदस्य १ जना | सदस्य | श्री मन्जु बादी |
| ङ | स्थानीय स्तरमा रहेका लघु उद्यमीमध्ये संयोजकले तोकेको १ जना महिलाउ द्यमी प्रतिनिधि | सदस्य | श्री सावित्रा बस्नेत ( महिलाउद्यमी संघ) |
| च | शाखा प्रमुखले तोकेको शाखामा कार्यरत् कर्मचारी | सदस्य सचिव | श्री तारा खड्का |

**निर्णय नं ६ :** यस उपमहानगरपालिकाको लागी आ.व. २०७७।७८ मा संघीय सर्शत अनुदान अन्तर्गत श्री महाराजा मा.वि., नेपालगंज उपमहानगरपालिका वडा नं. २१ मा Retro fitting कार्यका लागी रु. १५,००,०००।०० (अक्षरुपी पन्ध्र लाख) बजेट प्राप्त भएको र उक्त Retro fittingको लागी ल.ई. सहितको DPR प्राप्त भएकोमा भवनको स्थलगत रुपमा निरिक्षण गर्दा केही कार्यहरु छुटेको र ल.ई. सच्याउनु पर्ने भएको हुँदा बजेट सिमा भित्र रही पुन लागत अनुमान तयार गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

# मिति २०७८।०४।१८ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं ७ :** आ.ब. २०७८।७९ को लागी यस उपमहानगरपालिका भरि लागु हुने गरी "बाँके जिल्लाको आ.ब. २०७८।७९ को स्वीकृत जिल्ला दररेट" लाई लागु गरी कार्यान्वयन गर्ने र सो जिल्ला दररेटमा उल्लेख नभएका निर्माण सामाग्री र अन्य सामाग्रीहरुको Market दररेटलाई आधार बनाई दररेट कायम गरी लागत अनुमान तयार गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं ८ :** . सडक बोर्ड नेपाल अन्तरर्गत स्वीकृत बार्षिका कार्यक्रमहरुको सडक बोर्ड नेपालको च.नं. १७३१ मिति २०७८।३।१४ को प्राप्त पत्र बमोजिम सडक बोर्ड नेपाल अन्तर्गत स्वीकृत बार्षिक कार्यक्रमहरुको नेपाल सरकारबाट घोषणा भएको निषेधाज्ञाका कारण सम्झौता बमोजिम कार्य सम्पन्न हुन नसकेको तपशिल बमोजिमका योजनाहरुको २०७८ कार्तिक मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**म्याद थप हुनु पर्ने सडक बोर्ड अन्तरगतका योजनाहरु**

| क्र.सं. | आयोजनाको नाम |
|---|---|
| १ | BP Chouwk to Karmana nala Road Maintainance Project |
| २ | Surkhet Road to Manikapur Road Maintainance Project |
| ३ | Chaulika Chowk To Balegaun Chowk Road Maintainance Project |
| ४ | City Hall to bhawaniyapur Road Maintainance |
| ५ | Apsara Hotel To New-Road Gumba Road Maintainance Project |

**निर्णय नं ९ :** . बिश्वव्यापी रुपमा फैलिएको कोभिड-१९का कारण नेपाल सरकारबाट घोषणा भएको लकडाउनले गर्दा सम्झौता बमोजिम कार्य सम्पन्न हुन नसकेका तपशिल बमोजिमका योजनाहरुको म्याद थप गरी क्रमागत रुपमा संचालन गर्ने निर्णय गरियो र क्रमागत रुपमा नरहेका र श्रोत सुनिश्चित नभएका योजनाहरुको सार्बजनिक सुबिस्ताका आधारमा ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरियो ।

**तपशिल**

**क.म्याद थप गर्नुपर्ने योजनाहरु :**

| क्र.सं. | आयोजनाको नाम | म्याद थप समय |
|---|---|---|
| १ | तेजनगरमा छुटेको बाटो सडक कालो पत्रे | २०७८ कार्तिक मसान्त |
| २ | गर्ल्स कलेज | २०७८ कार्तिक मसान्त |
| ३ | आधारभूत स्वास्थ केन्द्र भवन निर्माण (८ वटा) | २०७८ पौष मसान्त |
| ४ | आधारभूत स्वास्थ केन्द्र भवन निर्माण (४ वटा) | २०७८ पौष मसान्त |
| ५ | आकस्मिक ग्रावेल | २०७८ कार्तिक मसान्त |
| ६ | sadarline to Stadium Road | २०७८ कार्तिक मसान्त |
| ७ | मठनीपुर्वा दुर्गा माता मन्दिर निर्माण वडा नं. १९ | २०७८ कार्तिक मसान्त |
| ८ | फुल्टेक्रा तालमा माटो पाटान, गेट तथा boundary wall निर्माण | २०७८ फाल्गुन मसान्त |
| ९ | नयाबस्ति गनापुर, सानो नेपाल आलानगर झो.पू. निर्माण उपभोक्ता समिति | २०७८ माघ मसान्त |

# मिति २०७८।०४।१८ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**ख.ठेक्का सम्झौता रद्ध गर्नूपर्ने योजनाहः**

| क्र.सं. | आयोजनाको नाम |
|---|---|
| १ | बिपन्न जनताको लागि खानेपानी धारा जडान |
| २. | Old Homage Building Construction Work Above Plinth Level -निल सागर |
| ३ | घरवारी टोलको नाला देखि पश्चिम र सिग्रेट होटल देलि उत्तर खाली सरकारी जग्गामा काँडेतारको बाउन्डरी र कम्युनिटि हल निर्माण वडा न. २ |

**निर्णय नं १०** : नेपालगंज उप-महानगरपालिका वडा नं. ८ स्थित नगर भवन कमर्सियल कम्पेलेक्स र फायर फाईटर ग्यारेज कन्सट्रक्सनको लागि प्रदेश समपूरक अनुदान अन्तर्गत रु.२,९९,९७,०००।-(अक्षेरुपी दुई करोड उनानसौं लाख सन्तानब्बे हजार) प्रदेश सरकार र यस उप-महानगरपालिकाबाट रु.३,००,००,०००।-(अक्षेरुपी तीन करोड रुपैंया) बजेट बिनियोजन भएकोमा उक्त कार्यको लागि प्राविधिक शाखावाट रु ६,७५,००,०००।-(छ करोड पचहत्तर लाख) को लागत अनुमान पेश भएको हुँदा बाकी रकम रु.७५,०३,०००।-(पचहत्तर लाख तीन हजार) यस उप-महानगरपालिका स्वंमले ब्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ११** : नेपालगंज उप-महानगरपालिकाको वडा नं. ८ स्थित नगर भवन रहेको स्थानमा कमर्सियल भवन निर्माण हुने हुँदा उक्त कार्यको लागी साईट क्लियर गर्न नगर भवन परिसरमा रहेको नगर भवन ब्यवस्थापन गर्न उक्त पुरानो भवन लिलाम गर्ने निर्णय गरियो ।

**निर्णय नं १२** : सघींय समपूरक अनुदान अन्तर्गत नेपालगंज उपमहानगरपालिकाको क्षेत्र भित्रका सडक कालोपत्रे, PCC कार्य र नाल माथिको ढक्कन निर्माण योजनाको लागि वडाहरुबाट सडक कालोपत्रे, PCC कार्य र नाल माथिको ढक्कन निर्माण गर्ने योजनाहरु प्राथमिकता सहित पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३** : यस उप–महानगरपालिकाको भन्सार नजिक जमुनाहा परिसरमा रहेको खालि जग्गामा अव्यवस्थित रुपमा रहेको रिक्शा र म्याजिक गाडी पाकिङ्गलाई ब्यवस्थापन गर्नको लागी १(एक) वर्ष अवधिको लागि न्यूनतम वार्षिक मूल्य मू.अ.क.बाहेक रु.६५,०००।–(अक्षेरुपी पैसट्ठी हजार मात्र ।) रहने गरि प्रस्ताव पेश गर्नको लागि इच्छुक संघ/संस्था, समूह, क्लव, ब्यवसायिक फर्महरुबाट प्रस्ताव माग गर्न १५(पन्ध्र) दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४**: नेपालगन्ज उप–महानगरपालिकाको स्वामित्वमा वडा नं. १० स्थित गोसाइगाउँमा बनेको ९ वटा सटर र सभाहलको मासिक रु.२०,०००।- (अक्षेरुपी बिस् हजार) कायम गरि ५(पाँच) वर्ष अवधि रहने गरि एकै ब्यक्ति/फर्मलाई र अर्को स्थानको सटरहरु एकै ब्यक्ति/फर्मलाई एकमुष्ठ रुपमा भाडामा दिनको लागि १५(पन्ध्र) दिने सूचना प्रकाशित गर्ने सम्बन्धी राजस्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५**: नेपालगन्ज उप–महानगरपालिका कार्यालय परिसरमा बनेको नवनिर्मित क्यान्टिन सञ्चालनको लागि मासिक न्यूनतम रु.५,०००।–(अक्षेरुपी पाँच हजार) भाडादर कायम हुने तथा सम्झौता अवधि सम्झौता भएका मितिले ५ वर्षको रहने गरि बढावढको १५(पन्ध्र) दिने सूचना प्रकाशित गर्ने राजस्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

## मिति २०७८।०४।१८ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१६:** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं. २० स्थित सार्वजनिक स्थानमा रहेको ताल तलैयाहरु संरक्षण गरि माछापालन गर्नको लागि वार्षिक रु.३०,०००।–(अक्षेरुपी तीस हजार) तथा प्रत्येक २/२ वर्षमा कवोल रकमको १०% वृद्धि हुने गरि ठेक्का सूचना प्रकाशित गर्ने राजस्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :** लक्ष्मी मिडिया प्रिन्टर्स, नेपालगन्जले यस उप–महानगरपालिका अन्तर्गत पुष्पलाल चोक देखि जमुनाहा सम्म रहेको सोलार पोलमा विज्ञापन सामाग्री राख्नको लागि अनुमति पाउँ भनि निवेदन पेश गरेकोले निजलाई प्रतिपोल वार्षिक रु.४००।–(चार सय) उप–महानगरपालिकालाई बुझाउने तथा विज्ञापन सामाग्रीको साईज ४*३ भन्दा बढि नरहने गरि लगाउने सहमती भएमा ५ वर्षको लागि निजलाई अनुमति दिने राजस्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :** विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ को कारणले देशमा लकडाउन भई अर्थतन्त्रमा नकारात्मक असर परि सम्पूर्ण पेशा, ब्यवसाय ठप्पै भई ब्यवसायीहरुलाई प्रत्यक्ष मर्का पर्न गएको विषयलाई मध्यनजर गरि यस उप–महानगरपालिकाले ठेक्का/भाडामा दिएका सम्पूर्ण संरचनाहरुको किस्ता/भाडा रकम लकडाउन अवधि भर (आ.व.०७७/०७८ र ०७८/०७९ समेत) को छुट गर्ने तथा आ.व.०७८/०७९ को ब्यवसाय करमा नयाँ ब्यवसाय दर्ता बाहेक नविकरण शूल्कमा कोरोनाबाट अति प्रभावित उद्योगी/ब्यवसायीहरु(आवाशिय होटल, ट्रेकिङ,लगायत पर्यटन ब्यवसाय, चलचित्र उद्योग, टेलरिङ, ब्युटिपार्लर, बिद्यालय लगायत क्षेत्र) लाई ५०% र निर्माण ब्यवसायी बाहेक अन्य ब्यवसायीहरुको नविकरण शूल्कमा ३५% छुट गर्ने र अन्य प्रावधानहरु नेपालगन्ज उप–महानगरपालिकाको आर्थिक ऐन,२०७८ अनुसार गर्ने राजस्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ :** नेपालगंज उप-माहानगरपालिकाको स्वास्थ्य क्षेत्रमा हातेमालो गरि काम गर्न इच्छुक भई डा. प्रकाश नागले दिनुभएको निवेदन माथी छलफल गर्दा अर्को व्यवस्था नहुदाँ सम्मको लागि यस नेपालगंज उप-माहानगरपालिकामा अपाङ्ग परिचय पत्र वितरण र स्वास्थ्य प्रवर्द्धन केन्द्र वडा नं. ४ मा नि:शुल्क मेडिकल कन्सल्टेन्ट एडभाइजर् को रुपमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० :** नेपालगन्ज उप–महानगरपालिकामा विभिन्न धर्म, सस्कृती, चाड पर्वलाई सम्बोधन हुने गरि स्थानीय स्तरमा विदा दिने सम्बन्धमा तपसिल बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. १० नं. वडा अध्यक्ष श्री विन्दु भुषण बस्नेत - संयोजक
२. कार्यपालिका सदस्य श्री देउमल सुनार - सदस्य
३. कार्यपालिका सदस्य श्री देवेन्द्र पाल सिंह - सदस्य

**निर्णय नं .२१ :** यस नेपालगन्ज उप-महानगरपालिकाद्वारा संचालीत मंगल प्रसाद महिला कलेजको लागि मध्यपश्चिम विश्व विद्यालयबाट विभिन्न विषयमा सम्बन्धन प्राप्त गर्न अध्ययन प्रतिवेदन तयारीको लागि श्री हरी सुवेदी लाई रु २०,०००।- (बिस हजार) उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं.२२ :** यस नेपालगन्ज उप-महानगरपालिकाको वडा न. २ र ४को विचमा पर्ने न्युरोड स्थित भानुभक्त चोकमा LIONS CLUB OF NEPALGUNJ SYNERGY बाट आफ्नो खर्चमा आदिकवी भानुभक्त

## मिति २०७८।०४।१८ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

आचर्यको अर्धकदको शालिक निर्माण सम्बन्धमा प्रस्तावना प्राप्त विषयमाथी छलफल हुँदा सडकलाई असर नगर्ने गरी सालिक निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. २३:** यस नेपालगञ्ज उप-महानगरपालिकाको वडा न. ४ मा रहेको मंगल प्रसाद महिला कलेज संचालन तथा व्यवस्थापनकोलागि तपसिल बमोजिमको संचालक सिमित निर्माण गर्ने निर्णय गरियो ।

**कलेज संचालन समिति**

| | |
|---|---|
| १. श्री विजय गुप्ता | अध्यक्ष |
| २. श्री अनिता शाह | मधेशी महिला सदस्य |
| ३. श्री मैमुना सिद्धिकि | मुस्लिम महिला सदस्य |
| ४.श्री कौसल धोवी | दलित पुरुष सदस्य |
| ५. श्री नजमी इराकी | मुस्लिम पुरुष सदस्य |
| ६. श्री नमस्कार शाह | बुद्धिजीवी पुरुष सदस्य |
| ७. श्री दिपाली टण्डन गुप्ता | बुद्धिजीवी महिला सदस्य |
| ८. श्री रविन्द्र कर्ण | शिक्षा विद सदस्य |
| ९. श्री चन्द्र शेखर पाण्डे | व्यवसायी सदस्य |
| १०.श्री गोर्ख बाहादुर थापा | नगर शिक्षा अधिकृत सदस्य |
| ११.प्रिन्सीपल | सदस्य सचिव |

**सल्लाहकार समिति**

१. डा.धवल शम्सेर राणा - नगर प्रमुख
२. डा.मयुदिन केदुवाई
३. डा.कौसल बर्मा
४. श्री शशी स्वार
५ .श्री प्रवेज अलि सिद्धिकी

**अनुगमन समिति**

| | |
|---|---|
| १. नगर उप-प्रमुख | श्री उमा थापा मगर |
| २. ८ नं,वडा अध्यक्ष | श्री सुरेन्द्र गुप्ता बैस्य |
| ३. १७ नं. वडा अध्यक्ष | श्री अजय पाठक |
| ४. कार्यपालिका सदस्य | श्री मञ्जु नेपाली |
| ५. नगर शिक्षा अधिकृत | |

**निर्णय नं. २४ :** शैक्षिक सत्र २०७८ मा विद्यालय सन्चालन नयाँ अनुमती र कक्षा थपका लागि निवेदन पेश गरेका विद्यालयहरुको अनुमती दिने प्रयोजनका लागि शिक्षा समितिले सिफारिस गरेका विद्यालयहरु मध्ये तपसिलका विद्यालयहरुलाई कक्षा थप गर्नका लागि अनुमती दिने निर्णय गरियो ।

**तपसिल**

| क.स. | विद्यालयको नाम | ठेगाना | सन्चालित कक्षा | कक्षा थप अनुमती |
|---|---|---|---|---|
| १ | वैजापुर युथ भिजन इ.मि.स्कुल | ने.ग.४ | कक्षा ९ | कक्षा १० |
| २ | श्री नेपालगन्ज कन्या मा.वि. | ने.ग.४ सल्यानीवाग | कक्षा ९ | कक्षा १० |
| ३ | आइसा मदरसतुल वनात मा.वि. | ने.ग.५ | कक्षा ९ | कक्षा १० |

# मिति २०७८।०४।१८ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**र्णय नं.२५ :** यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित सामुदायिक विद्यालयहरुका पदावधी समाप्त भएका विद्यालय व्यवस्थापन समितिले गरेका कुनै पनि निर्णय मान्य नहुने, साथै उक्त विद्यालयहरुमा मिति २०७८।०५।२० गते भित्र विद्यालय व्यवस्थापन समिति गठन गर्नका लागि सम्वन्धित वडा कार्यालय र विद्यालयलाई परिपत्र गर्ने गरी शिक्षा , युवा तथा खेलकुद महाशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**नेर्णय नं. २६ :** यस नेपालगंन्ज उप महानगरपालिका वडा नं.२० मा सन्चालित श्री आदर्श मा.वि.राँझाको ३ वटा कक्षाकोठा रेट्रो फिटिङ कार्यका लागि यस कार्यलयबाट आ.व.२०७५/०७६ मा रु १५,००००।- (पन्ध्र लाख मात्र) उपलब्ध गराइएकोमा उक्त कार्य सम्पन्न गरी रु २२८९९६।७३ (अक्षेरुपी दुई लाख अठ्ठाइस हजार नौं सय छयानव्ये रुपैयाँ, त्रिहत्तर पैसा मात्र) खर्च नभई बाँकी रहेकोमा उक्त बाँकी रकमबाट गायत्रि नगर स्थित विद्यालय परिसरमा अपुग रकम विद्यालय स्रोतबाट थप गर्ने गरी आयोजनाकै साइजको ट्रसयुक्त भवन निर्माण गर्नका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित अनुमती माग भई आएकोले उक्त कार्य गर्नका लागि स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. २७ :** यस नेपालगंन्ज उप महानगरपालिकामा १५ सैंयाको आधारभूत अस्पताल निर्माण गर्न उपयुक्त ठाँउको खोजीको लागि तपसिल बमोजिमको समितिलाई अर्को कार्यपालिकाको बैंठकमा प्रतिवेदन पेश गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

**तपसिल**

१. श्री समिर प्रताप सिहं - ६ नं. वडा अध्यक्ष
२. श्री बुद्धि सागर सुवेधी - १२ नं. वडाअध्यक्ष
३. श्री मेनका बैध - ४ नं. वड सदस्य

**निर्णय नं. २८ :** यस नेपालगन्ज उपमहानगरपालिका भित्र व्यवसाय गरी हाल सम्म पनि व्यवसाय दर्ता नगरेका व्यवसायहरुलाई यो आर्थीक बर्ष सहित बढीमा ४ वर्ष सम्मको एकमुस्ट व्यवसाय कर लिई व्यवसाय दर्ता गरि दर्ता अभिलेख राख्ने निर्णय गरियो ।

**निर्णय नं. २९ :** यस नेपालगन्ज उपमहानगरपालिकाको कान्जी हाउस बाट कृषकहरुले पालन गर्नको लागि गाई/गोरु लैजान परेमा प्रति जीउ गाई/गोरु बापत रु ५००।- (अक्षेरुपि पाँच सय रुपैया) दस्तुर बापत लिई नगरपालिकाबाट सिफारिस दिने निर्णय गरियो ।

**निर्णय न. ३० :** यस उप-महानगरपालिकाको विद्यायन समिति बाट पेस भई आएको **"ई रिक्सा संचालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७८"** संसोधन सहित स्वकृत गर्ने निर्णय गरियो ।

नेपालगञ्ज उप-महानगरपालिका
सामाजिक, गै.स.सं तथा साझेदारी विकास शाखा
गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिकाको दफा १० बमोजिम

अनुसुची २

(दफा १०को उपदफा (१) सँग सम्बन्धित )

लघु उद्यमविकासकालागिप्राप्त शसर्त अनुदान कार्यान्वियन सम्बन्धिवार्षिक कार्ययोजना (आ.ब २०७८/०७९)

| क.स. | क्रियाकलापहरु | लक्ष्य | समय चौमासिक | | | बजेट रु | | जिम्मेवा |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोश्रो | तेश्रो | बजेट | % | |
| क | **नयाँउद्यमी सृजना** | ९०जना | | | | | | |
| १ | उद्यमविकासकालागि सामाजिक परिचालन | तोकिएको वडामा | √ | | | ४५२०० | २% | |
| १.१ | पिआर ए (सहभागीतामुलक ग्रामिण लेखाजोखा ) | " | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विका |
| १.२ | घरधुरी सर्वेक्षण सम्पन - फारम ए र बि ) | " | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विका |
| १.३ | सम्भाव्य लघु उद्यमीका रुपमा सहभागीहरु छनौट | " | √ | | | | | उद्यमविकास सहजकर्ता, उद्यमविकास शाखा |
| १.४ | भिरहेकाउद्यमीहरुको सम्भाव्यउद्यमीको रुपमापहिचानभएमा (फारम सि) | " | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विका |
| १.५ | बजार सर्वेक्षण सम्पन्न -फारम डि | " | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विका |
| १.६ | उपयुक्तप्रविधिअध्ययन सम्पन्न (फारम ई) | " | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| १.७ | श्रोत सम्भाव्यताअध्ययन सम्पन्न - फारम एफ) | " | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| १.८ | बातावरण परिक्षण सम्पन्न - फारम जी) | " | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| १.९ | लघु उद्यमी समुहका गठन तथा परिचालन | " | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| २. | **उद्यमशिलताविकास तालिम** | ९६ | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| २.१ | उद्यमशिलताविकास तालिम संचालन - टोपे टोसे र लैङ्गिक सचेतना) | " | √ | | | १५८२०० | ७% | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| २.२ | व्यवसायिक योजनातयार गरिने संख्या | " | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| २.३ | उद्यमव्यवसायको छनौट | " | √ | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ३. | **प्राविधिक सीपमुलकतालिमप्रदान** | ९३ | | | | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ३.१ | व्यवसायिक योजनाको आधारमा छनौट भएकाउद्यमको आधारमासिपविकास तालीम | " | | √ | √ | ८१३६०० | ३६% | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ४. | **लघु कर्जामापहुँच** | आवश्यक्तानुसार | | | | ६७८०० | ३% | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ४.१ | लघु उद्यमी र वित्तिय सेवाप्रदायकसँगअन्तरक्रिया | " | | √ | √ | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ४.२ | लघु कर्जा प्राप्तगर्ने उद्यमीहरुको संख्या | " | | √ | √ | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ४.३ | लघु उद्यमको विमाको लागि सहजिकरण | " | | √ | √ | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ५. | **उपयुक्तप्रविधिपहुँचतथा हस्तान्तरण** | " | | | | ३३९००० | १५% | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ५.१ | उपयुक्तप्रविधिआपुर्ति गर्ने संस्थाहरुको रोस्टर तयारी | " | | √ | √ | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ५.२ | प्रविधिआपुर्तिकर्तासँग सम्बन्धविकास | " | | √ | √ | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ५.३ | उपयुक्तप्रविधि हस्तान्तरण | " | | √ | √ | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ६. | **बजार सम्बन्धनविकास** | " | | | | ९०४०० | ४% | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ६.१ | उद्यमी र क्रेताहरु बिचअनतरक्रिया | १ | | √ | √ | | | |
| ६.२ | बजार प्रवर्द्धनात्मकक्रियाकलापहरु | १ | | √ | √ | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ६.३ | अन्यबजार विकास सम्बन्धीक्रियाकलापहरु | १ | | √ | √ | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ७ | व्यवसायिक परामर्श सेवा | ९० | | √ | √ | | | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |
| ८ | **साझा सुविधा केन्द्र स्थापनातथा संचालनमा सहजिकरण** | १० | | | | ५००००० | १००% | उद्यमविकास सहजकर्ता, गैसस, साझेदारी विकास |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८.१ | सम्भाव्यताअध्ययनगर्ने तथाव्यावसायिक योजनातयार गर्ने | | √ | √ | | | | |
| ८.२ | सम्झौता सम्पन्नगर्ने | | √ | √ | | | | उद्यमविकास सहजकर्ता, स गैसस, साझेदारी विकास श |
| ८.३ | साझा सुविधा केन्द्रको निर्माण सम्पन्न | | √ | √ | | | | उद्यमविकास सहजकर्ता, सा गैसस, साझेदारी विकास श |
| ९ | लघु उद्यमविकास सहजकर्ता परिचालन/पारिश्रमिक/विविधखर्च | सहजकर्ता | √ | √ | √ | ७४५८०० | ३३% | उद्यमविकास सहजकर्ता, सा गैसस, साझेदारी विकास शा |
| १० | लघु उद्यमीसृजना संख्या | ९० | | | | | | उद्यमविकास सहजकर्ता, साम गैसस, साझेदारी विकास शाख |
| ख | **भैरहेकाउद्यमीहरुको स्तरोन्नती** | | | | | | | |
| १. | स्तरोउन्नतीको लागिआवश्यकतापहिचानगर्ने ( विगत ३ वर्ष भित्रगरिएकाहरुलाई) | ५० जना<br>५० | √ | | √ | ५,००,००० | १००% | उद्यमविकास सहजकर्ता, सामा गैसस, साझेदारी विकास शाखा |
| २ | आवश्यकतापहिचानकाआधारमापुर्नताजगीलथा स्तरोन्नतीतालीमअर्न्तगत(कोभिडका कारण तगआ.व २०७७/०७८मासिपतालिम बाट बन्चित ९० जनाउद्यमीलाई सिपतालिमप्रदानगर्ने ) | ९० | √ | | | | | उद्यमविकास सहजकर्ता, सामाजि गैसस, साझेदारी विकास शाखा |
| ३ | प्रविधि हस्तान्तरण तथाप्रविधिपहुँचकालागि सहजिकरण (२ समूहलाई) | २ | | | | | | उद्यमविकास सहजकर्ता, सामाजि गैसस, साझेदारी विकास शाखा |
| ४ | बजारिकरण सहयोग (नियमित परामर्श) | | | √ | | १४०००० | १००% | उद्यमविकास सहजकर्ता, सामाजिक गैसस, साझेदारी विकास शाखा |
| ५ | व्यवसायिक परामर्श | नियमित<br>९० | √ | √ | √ | | | |
| ६ | कुल स्तरोन्नतीहुने उद्यमीको संख्या (९० जना) | ९० | √ | √ | √ | | | उद्यमविकास सहजकर्ता, सामाजिक, गैसस, साझेदारी विकास शाखा |
| ग | **कुल रोजगारी सृजनाहुने संख्या** | १८० | √ | | | | | उद्यमविकास सहजकर्ता, सामाजिक,, गैसस, साझेदारी विकास शाखा |
| १ | नयाँ उद्यमीबाट रोजगारी हुने संख्या (९० जना) | ९० | | | | | | उद्यमविकास सहजकर्ता, सामाजिक,, गैसस, साझेदारी विकास शाखा |
| २ | स्तरोन्नतीबाट थप रोजगारी हुने संख्या (पुरानो ९० ) | ९० | | | √ | | | उद्यमविकास सहजकर्ता, सामाजिक,, गैसस, साझेदारी विकास शाखा |
| घ | **गरिबीको रेखामाथिआउने लघु उद्यमीहरुको संख्या (कुल)** | ३० | | | √<br>√ | | | उद्यमविकास सहजकर्ता, सामाजिक,, गैसस, साझेदारी विकास शाखा<br>उद्यमविकास सहजकर्ता, सामाजिक,, गैसस, साझेदारी विकास शाखा |

**नोट** : *कार्यक्रम संचालननतिजामुखिभएकोले माथिउल्लेखितप्रक्रियाबाट बर्षको अन्तमातोकिएको लक्ष्यमाउद्यमी सृजनाहुनु पर्नेछ । कार्यक्रमको लागि बजेटतर्जुमागर्दा यसै अनुसुचिको तालिका नं १ बमोजिम र कार्यान्वयतालिका नं २ बमोजिमगर्नुपर्नेछ ।*

- *गत सालमाकोभिड महामारीकाकारण स्थगितसिपतालिमहरु यस वर्षको स्तरोन्नतीतर्फको बजेट बाट संचालितगर्ने र बाकीनपुग बजेट नयाँउद्यमीसिर्जनातर्फबाट खर्च हुने जानकारी गराईन्छ ।*